# प्रेस विज्ञप्ति(नेपाली)

नयाँ दिल्ली, १७ फेब्रुअरी २०२६

## इन्डो–नेपाल ट्रेड फेस्टिभल २०२६ मा १० उच्चस्तरीय सत्र: ६०+ वक्ता र ६५+ प्रदर्शनी स्टलहरू

इण्डो-नेपाल ट्रेड फेस्टिभलको दोश्रो सत्र यही २० देखि २२ फेब्रुअरी सम्म भारतको राजधानी नयाँ दिल्लीमा आयोजना हुँदैछ । **"Connecting People, Enhancing Bilateral Trade"** भन्ने नारा सहित आयोजना गर्न लागिएको महोत्सवको उद्घाटन सत्रमा नेपालकालागि भारतका राजदूत डा. शंकर प्रसाद शर्मा, विशिष्ट अतिथि भारत सरकारका पर्यटन मन्त्री गजेन्द्रसिंह शेखावत, भारत सरकारका केन्द्रिय संचारमन्त्री ज्योतिरादित्य सिंधिया, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल लगायतको सहभागिता रहनेछ ।

पहिलो संस्करणको उल्लेखनीय सफलतापछि यो फेस्टिभल भारत-नेपालबीच द्विपक्षिय आर्थिक सहकार्य, पर्यटन एकीकरण, सांस्कृतिक आदान-प्रदान तथा लगानी साझेदारी सुदृढ गर्ने प्रमुख द्विपक्षीय मञ्चका रूपमा स्थापित भएको छ । यस पटकको महोत्सवमा जलविद्युत तथा ऊर्जा साझेदारी,सीमापार व्यापार तथा कनेक्टिभिटी,रामायण र बौद्ध सर्किटसहित पर्यटन एकीकरण, बैंकिङ, फिनटेक तथा डिजिटल अर्थतन्त्र सहकार्य,मिडिया तथा सांस्कृतिक कूटनीति, युवा सहभागिता, शिक्षा तथा नवप्रवर्तन साझेदारी, स्टार्टअप इकोसिस्टम तथा इन्डो-नेपाल सहकार्यको 'भिजन' २०३० लगायतका विषयमा विभिन्न दश भन्दा बढी उच्चस्तरीय सत्र तथा नीतिगत संवादमा साठी भन्दा बढि विज्ञहरु सहभागी हुने कार्यक्रम रहेको छ ।

त्यसैगरि व्यवसायिक नेटवर्किङ कार्यक्रम तथा नीति-निर्माता, मन्त्री, कूटनीतिज्ञ, उद्योगी-व्यवसायी, लगानीकर्ता र उद्यमीहरूबीच बीटुबी तथा बीटुजी बैठकहरू आयोजना गरिनेछ । यी सत्रहरूले दुवै देशका विज्ञ, नीति-निर्माता तथा उद्योग क्षेत्रका सरोकारवालाहरूलाई साझा विकास र दिगो क्षेत्रीय सहकार्यका नयाँ अवसरहरू खोज्न एकै मञ्चमा ल्याउने विश्वास आयोजकको रहेको छ ।

नयाँ दिल्लीस्थित पिएडी चेम्बरको भवनमा आयोजना हुने महोत्सवमा व्यवसाय तथा नीतिगत छलफलसँगै महोत्सवमा नेपालको समृद्ध सांस्कृतिक सम्पदालाई साँगीतिक कार्यक्रम, चलचित्र प्रदर्शन, परम्परागत कला तथा प्रामाणिक नेपाली परिकारमार्फत प्रस्तुत गरिनेछ, जसले सहभागीहरूलाई नेपाल र भारतको विशेष सांस्कृतिक अनुभव प्रदान गर्नेछ । महोत्सवमा भारत र नेपालका विभिन्न साठी



D-71, 3rd Floor, Vishwakarma Colony, M.B. Road, New Delhi-110 044
+91 99113 16600 | +91 93500 20952 everest.chamber@gmail.com www.everestchamber.com

भन्दा बढी स्टलहरु सहभागी हुँदैछन् । महोत्सवलाइ २५ हजार बढीले अवलोकन गर्ने आयोजकको अनुमान रहेको छ ।

मंगलबार नयाँ दिल्ली स्थित प्रेस क्लबमा आयोजित पत्रकार सम्मेलनमा इसीसीआईका अध्यक्ष युबराज बराललले फेस्टिभल बारे जानकारी गराउँदै इन्डो-नेपाल ट्रेड फेस्टिभल व्यापार, पर्यटन, संस्कृति र नवप्रवर्तनमार्फत द्विपक्षीय सहकार्य सुदृढ गर्ने परिवर्तनकारी मञ्चका रूपमा परिकल्पना गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपाल र भारतबीच विभिन्न क्षेत्रमा अर्थपूर्ण साझेदारी निर्माण गर्न लगानी अवसर बिस्तार गर्न तथा भारत-नेपालबीचको ऐतिहासिक मित्रतालाई अझ गहिरो बनाउन महोत्सवले थप मदत गर्नेछ । यो ऐतिहासिक द्विपक्षीय कार्यक्रमले भारत-नेपाल आर्थिक कूटनीतिलाई थप सुदृढ गर्दै दीर्घकालीन क्षेत्रीय सहकार्य प्रवर्द्धन गर्नेछ ।"

त्यैगरि इसीसीआईका महासचिव मोहन कार्कीले २० फेब्रुअरी व्यापार मेलाको उद्घाटन सत्रको आयोजना गरिने र २१ र २२ मा नेपाल भारतका कला, संस्कृति, नेपाली उत्पादनको प्रदर्शनी जानकारी दिनुभयो । दुइ मुलुकबीच ऐतिहासिक, आर्थिक, सामाजिक, साँस्कृतिक,पर्यटकीय लगायतका क्षेत्रलाइ प्रवर्द्धन गर्न सहयोग पुरयाउने उद्धेश्यका साथ महोत्सव आयोजना गर्न लागेको बताउँदै उहाँले भन्नुभयो,"विविध विषयका दश बढी सत्रहरुमा व्यवसायीक तथा नीतिगत छलफलका साथै महोत्सवमा नेपालको समृद्ध कला सस्कृतिलाइ साँगीतिक कार्यक्रम, चलचित्र प्रदर्शन, परम्परागत कला तथा प्रामाणिक नेपाली परिकारमार्फत प्रस्तुत गरिनेछ, जसले सहभागीहरूलाई नेपाल र भारतको विशेष अनुभव प्रदान गर्नेछ ।"

भारतमा रहेका नेपाली उद्योगी व्यवसायीहरुको छाता संगठन एभरेष्ट चेम्बर अफ कमर्श (इसीसीआई) को मुख्य आयोजना, नेपाली दूतावास, नेपाल पर्यटन बोर्ड तथा व्यापार तथा प्रबर्द्धन केन्द्रको सहकार्यमा महोत्सव आयोजना गर्न लागिएको हो । सन २००८ मा स्थापना भएको इसीआईमा भारतका विभिन्न क्षेत्रका ८सय भन्दा बढी उद्योगी व्यवासायीहरु सदस्य रहेका छन् ।


D-71, 3rd Floor, Vishwakarma Colony, M.B. Road, New Delhi-110 044
+91 99113 16600 | +91 93500 20952 everest.chamber@gmail.com www.everestchamber.com